जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १७८ • २०८३ बैशाख ६ गते आईतवार • 19 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जलेश्वरमा हावाहुरीको ताण्डव: टेम्पोमाथि रुख ढल्दा दुई जनाको मृत्यु, चार जना घाइते

**मो.इर्शाद**
**महोत्तरी, ५ बैशाख**



जलेश्वरबाट जनकपुर तर्फ जाँदै गरेको ज १ घ ४८५० नम्बरको टेम्पुमाथि रुख ढल्दा दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । घटना जलेश्वरस्थित नेपाली सेनाको ब्यारेक नजिकै भएको हो ।

दुर्घटनामा मृत्यु हुनेमा धनुषाको जनकपुर उपमहानगरपालिका -२० बस्ने अन्दाजी ४१ वर्षीया सकुन्तला देवी र महोत्तरीको एकडारा गाउँपालिका-३ बस्ने तपेश्वर मलिकका ३३ वर्षीय छोरा राहुल मलिक रहेका छन् । दुवै जनाको शव प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको प्रहरीले जनाएको छ । घाइते हुनेहरूमा टेम्पु चालक महोत्तरी जलेश्वर नगरपालिका-११ बस्ने अन्दाजी ५२ वर्षीय हरेन्द्र ठाकुर रहेका छन् । उनको अवस्था गम्भीर रहेको र प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ । त्यस्तै, महोत्तरी एकडारा गाउँपालिका-३ बस्ने ४३ वर्षीया फेकनी देवी मलिक (तपेश्वर मलिककी श्रीमती) लाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुर रिफर गरिएको छ, उनको अवस्था पनि गम्भीर रहेको छ । यसैगरी, धनुषाको जनकपुर उपमहानगरपालिका-१२ बस्ने रामबाबु मलिकका १७ वर्षीय छोरा धिरज मलिकको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको छ, उनको अवस्था मध्यम रहेको छ । अर्की घाइते धनुषाकै जनकपुर उपमहानगरपालिका -२० बस्ने १४ वर्षीया रिया पण्डित (सकुन्तला देवीकी छोरी) को पनि प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको छ र उनको अवस्था गम्भीर रहेको जनाइएको छ । सडक किनारमा रहेको रुख एक्कासी ढल्दा गुडिरहेको टेम्पुमाथि खसेर दुर्घटना भएको प्रारम्भिक जानकारी प्रहरीले दिएको छ । घटनापछि स्थानीयवासी, प्रहरी र नेपाली सेनाको टोलीले संयुक्त रूपमा उद्धार कार्य सञ्चालन गरेका थिए । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । साथै, स्थानीयवासीले सडक छेउका जोखिमपूर्ण रुखहरूको व्यवस्थापनमा लापरवाही हुँदा यस्ता घटना दोहोरिने गरेको गुनासो गरेका छन् ।

## सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा विशेष ध्यान




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ५ बैशाख**

जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयहरूको मनपरी शुल्क निर्धारण नियन्त्रण गर्दै सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा विशेष ध्यान दिएको जनाएको छ ।

नगर प्रमुख मनोजकुमार साहले शिक्षामा देखिएको असन्तुलन हटाउन उपमहानगर स्पष्ट नीति र कडाइका साथ अघि बढिरहेको बताएका छन् । शनिबार जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१६ कपिलेश्वरस्थित श्री आधारभूत विद्यालयमा नवनिर्मित चारकोठे पक्की भवनको उद्घाटन कार्यक्रममा बोल्दै मेयर साहले निजी विद्यालयहरूलाई नियमको दायराभित्र ल्याउनुपर्ने आवश्यकता औंल्याए ।

उनले अभिभावकमाथि अनावश्यक आर्थिक भार पार्ने गरी शुल्क निर्धारण गर्न नदिने चेतावनी दिए । 'निजी विद्यालयहरूले मनोमानी शुल्क लिने प्रवृत्ति अब सह्य हुँदैन,' मेयर साहले भने, 'उपमहानगरले कानुनी व्यवस्था अनुसार शुल्क निर्धारण प्रक्रिया लागू गराउनेछ । यसले अभिभावकलाई राहत मिल्नेछ ।' उनले अनुमति नै नलिई सञ्चालन भएका तथा लिइएको अनुमति भन्दा माथि कक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई कडाभन्दा कडा कारबाही गरिने चेतावनी पनि दिए ।

'शिक्षा क्षेत्रमा अराजकता स्वीकार्य छैन, कानुन विपरीत काम गर्ने जोकोहीलाई कारबाही हुन्छ,' उनले थपे । कार्यक्रममा बोल्दै मेयर साहले सामुदायिक विद्यालयहरूको अवस्था सुधार नगरी समग्र शिक्षा क्षेत्र सुधार सम्भव नरहेको उल्लेख गरे । उनले भौतिक पूर्वाधारसँगै गुणस्तरीय शिक्षा, दक्ष शिक्षक र आधुनिक शिक्षण पद्धतिमा जोड दिनुपर्ने बताए । 'सामुदायिक विद्यालयहरूलाई सक्षम र प्रतिस्पर्धी बनाउनु हाम्रो प्राथमिकता हो ।





GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरुलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरुको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखरताको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# आमा शब्द नै अथाह

आमालाई सन्तानको मनोविज्ञान बुझ्ेर भोक वा बिसञ्चो थाहा पाउने क्षमता हुन्छन । धर्तीले आफूमा विविध चरित्र र विशेषता भएका प्राणी र वनस्पतिहरूलाई बचाएर राखे झैं आमासँग फरक-फरक क्षमता र चरित्र भएका सन्तानलाई मिलाएर राख्ने क्षमता हुन्छन । औपचारिक शिक्षा दिने शिक्षण संस्थाबाट नपाइने शिक्षा आमाबाट घरमै पाइन्छ । घर-परिवारमा सकारात्मक तरंग प्रवाह गराउने मूलस्रोत आमा नै हुन् । विश्वविद्यालयमा शिक्षा हासिल गर्न जुन शारीरिक, आर्थिक र मानसिक लगानी गर्नुपर्दछ, त्यस्तो केही लगानी नगरी ज्यादै सहज रूपमा आमाबाट उच्च गुणस्तरको शिक्षा आर्जन गर्न सकिने देखिन्छ। आमाबाट हासिल गरिने शिक्षा सरल र बोधगम्य हुन्छ। प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा आधारभूत भूमिका आमाकै हुन्छ। त्यसैले व्यक्तिको व्यक्तित्वको उचाइको प्रमुख हिस्सा नै आमा रहेको देखिन्छ।

वास्तवमा आमाको स्मरणशक्ति तन्दुरुस्त रहेको बेलामा सन्तानले ती सबै कुरा अभिलेखीकरण गर्ने हो भने आमाको इतिहासमात्र होइन, तत्कालीन समाजको सजीव चित्र पनि आउँने देखिन्छ। यसो गर्दा समाजको ऐतिहासिक चित्रणका साथै हरेक आमाको सम्मान पनि हुन्थ्यो जस्तो लागेको देखिन्छ। तर यस्तो बुद्धि धेरै सन्तानलाई समयमा आउँदैन; आइहाले पनि निकै ढिलो हुन्छ। आमाको भूमिका र गरिमालाई सम्भवत: शब्दहरूभित्र बाँध्न सकिँदैन; किनभने शब्दले सबै भावना र मर्म समेट्न नसक्ने देखिन्छ। आमाको गहिराइ र उचाई अथाह रहेका छन।

# दलित विद्यार्थीका लागि नि:शुल्क टियुशन सेन्टरको पहिलो वार्षिकोत्सव सम्पन्न

**ओम प्रकाश साह**
**जनकपुरधाम, ५ बैशाख**

धनुषाको मिथिला बिहारी नगरपालिका-८, कचुरीमा सञ्चालन हुँदै आएको दलित विद्यार्थी लक्षित नि:शुल्क टियुशन सेन्टरले आफ्नो पहिलो वार्षिकोत्सव शनिबार हर्षोल्लासका साथ सम्पन्न गरेको छ ।

सावित्री सामुदायिक सिकाइ केन्द्रद्वारा सञ्चालित उक्त सेन्टरमा हाल करिब एक सय विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ । सुलेखा दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले शिक्षा नै सामाजिक रूपान्तरणको मूल आधार भएकोमा जोड दिएका छन्। उनीहरूको साझा निष्कर्ष थियो– “शिक्षा जति आर्जन गरिन्छ, उति नै प्रगतिको ढोका खुल्छ।” दलित समुदाय शिक्षा पहुँचबाट वञ्चित रहँदा ऐतिहासिक रूपमा पछाडि परेको उल्लेख गर्दै वक्ताहरूले अब शिक्षा नै सशक्तीकरणको मुख्य माध्यम बन्नुपर्ने धारणा व्यक्त गरे। कार्यक्रममा विशेष रूपमा भीमराव अम्बेडकर को विचार र योगदानको चर्चा गरिएको थियो।



वक्ताहरूले अम्बेडकरले अघि सारेको “शिक्षित बनौं, संगठित होऔं, संघर्ष गरौं” भन्ने मूल मन्त्र आज पनि उत्तिकै सान्दर्भिक रहेको बताए । कार्यक्रमका प्रमुख अतिथि मिथिला बिहारी नगरपालिका-८ का वडा अध्यक्ष जिवछ यादवले शिक्षा बिना समाजको समग्र विकास सम्भव नरहेको उल्लेख गर्दै यस्ता नि:शुल्क शैक्षिक पहल लाई स्थानीय तहले समेत सहयोग र प्रोत्साहन गर्नुपर्ने बताए । उनले भने, “शिक्षामा लगानी गर्नु भनेको भविष्यमा लगानी गर्नु हो। हामी सबै मिलेर प्रत्येक बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनुपर्छ ।” प्रमुख अतिथि यादवले सावित्री सामुदायिक सिकाइ केन्द्रकी शिक्षिका उर्मिला दासको प्रशंसा गर्दै उनी दलित समुदायमै रहेर समाजका लागि तथा विद्यार्थीहरूको शैक्षिक उन्नतिमा निरन्तर योगदान दिइरहेको उल्लेख गरे । विगत एक वर्षदेखि नि:शुल्क रूपमा ट्युसन सञ्चालन गर्दै आएको उनको पहल उदाहरणीय रहेको उनले बताए ।

कार्यक्रममा नेपाली काँग्रेसका नेता रामपलटन साह, इन्सेकका प्रदेश संयोजक राजु पासमान, राष्ट्रिय दलित पत्रकार संघ नेपालका प्रदेश अध्यक्ष कैलास दास, पत्रकार दीपक श्रेष्ठ मंडल, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता अम्बु प्रसाद साह, शैलेन्द्र साह लगायत नागरिक समाजका प्रतिनिधिहरूले यस्ता शैक्षिक पहललाई संस्थागत गर्नुपर्नेमा जोड दिएका थिए ।

सुरेन्द्र रविदासको पहलमा सञ्चालन भइरहेको उक्त सेन्टरले सीमित स्रोतसाधनका बाबजुद समुदायमा सकारात्मक सन्देश फैलाइरहेको छ । साथै, लक्ष्मिनिया गाउँपालिका-सिनुरजोडामा “सबैका लागि शिक्षा” अभियानअन्तर्गत सञ्चालनमा रहेको अम्बेडकर सामुदायिक सिकाइ केन्द्र र मिथिला बिहारी नगरपालिका-८, कचुरीस्थित सावित्री सामुदायिक सिकाइ केन्द्रमार्फत उनले निरन्तर सामाजिक कार्यलाई अगाडि बढाउने लक्ष्य लिएका छन् ।

विश्लेषणात्मक रूपमा हेर्दा, यस्तो टियुशन सेन्टर केवल शिक्षण स्थल मात्र नभई सामाजिक न्यायको आधार निर्माण गर्ने महत्वपूर्ण प्रयासका रूपमा देखिएको छ । मधेश प्रदेशमा उल्लेख्य दलित जनसंख्या रहेको अवस्थामा उनीहरूको शिक्षा र आर्थिक सशक्तीकरण बिना समावेशी विकास सम्भव नहुने स्पष्ट छ।कार्यक्रमको सञ्चालन सामाजिक अभियन्ता सुरेन्द्र रविदासले गरेका थिए ।

# प्रजातन्त्र सेनानी शुभ नारायण साहको ३५औं स्मृतिमा जनकपुरधाममा श्रद्धाञ्जली सभा सम्पन्न

**ओपि साह**
**जनकपुरधाम, ५ बैशाख**

प्रजातन्त्र सेनानी स्वर्गीय शुभ नारायण साहको ३५औं वार्षिक स्मृतिको अवसरमा जनकपुरधामको मिल्स एरियामा उहाँको शालिकमा माल्यार्पण गर्दै श्रद्धाञ्जली सभा सम्पन्न गरिएको छ । शुभ नारायण स्मृति प्रतिष्ठानका अध्यक्ष श्री जगदीश महासेठको अध्यक्षतामा आयोजना गरिएको उक्त कार्यक्रममा विभिन्न राजनीतिक तथा सामाजिक व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका पूर्व मेयर लाल किशोर साह, उपप्रमुख किशोरी साह, कमला



नगरपालिकाकी उपप्रमुख शिला देवी मण्डल, जनकपुरधाम वडा नं. १ र ११ का वडाध्यक्षद्वय दीप नारायण यादव र अर्जुन कुमार चौधरी सहभागी थिए। साथै, वडा नं. ११ का पूर्व वडाध्यक्षद्वय रामचन्द्र साह र जानकी प्रसाद साहको पनि उपस्थिति रहेको थियो । यसैगरी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य राम पलटन साह, नेपाल प्रजातन्त्र सेनानी संघ मधेश प्रदेशका सभापति तथा वरिष्ठ पत्रकार राम भरत साह, नेपाली कांग्रेस धनुषाका सचिव कन्हैया कुमार कर्ण, तथा कांग्रेसका नेताहरू राज किशोर सिंह, प्रफुल्ल कुमार घिमिरे, हरिशंकर साह, रामकृष्ण मण्डल, धिरेन्द्र मोहन झा, राम प्रसाद पजियार, विक्रम यादव, लालबाबु मिश्र र संजय प्रसाद साहलगायतको उपस्थिति रहेको थियो। श्रद्धाञ्जली सभामा स्थानीय समाजसेवी प्रमोद साह, मनोज रंजन साह, दुर्गा साहसहित नागरिक समाजका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । उक्त अवसरमा वक्ताहरूले स्वर्गीय शुभ नारायण साहले प्रजातन्त्र स्थापना र सुदृढीकरणका लागि पुर्‍याएको योगदानको स्मरण गर्दै उहाँको विचार र आदर्शलाई अनुकरण गर्नुपर्नेमा जोड दिएका थिए ।

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: आम्दानी हुने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०५:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०७:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रोकिएन इजरायली आक्रमण, पछिल्ला हमलामा कम्तीमा १४ लेबनानीको मृत्यु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ बैशाख

इजरायली आक्रमण र युद्धविराम पछिका विष्फोटका घटनाहरूमा कम्तीमा १४ जनाको ज्यान गएको छ भने दर्जनौं घाइते भएका छन् । राष्ट्रिय समाचार एजेन्सीका अनुसार टायर सहरमा युद्धविराम लागू हुनुभन्दा ठिक अघि भएका इजरायली हवाई आक्रमणको भग्नावशेषबाट उद्धार टोलीले १३ ओटा शव निकालेका छन् र ३५ जना घाइतेहरूलाई उद्धार गरेका छन् ।

उद्धार टोलीकाअनुसार टायर सहरमा अझै करिब १५ जना हराइरहेका छन् र बेपत्ताहरूको खोजी कार्य जारी छ । यो आक्रमणले युद्धविराम अघिको अन्तिम केही घण्टाहरूमा भएको भीषण हिंसालाई दर्शाउँछ ।

अर्को एक छुट्टै घटनामा, मजदल सेल्ममा इजरायली सेनाले छोडेको विष्फोटक पदार्थ पड्किँदा एक बालकको मृत्यु भएको छ भने अर्को एक जना घाइते भएका छन् । यस घटनालाई युद्धविराम पछिको



'विष्फोटक अवशेष' को जोखिमको रूपमा हेरिएको छ । लेबनानी सेनाले टायर नजिकैको कास्मिया तटबन्ध पुल पुनः खोल्नका लागि विशेष इकाई परिचालन गरेको जनाएको छ ।

यो पुल बिहीबार इजरायली आक्रमणमा क्षतिग्रस्त भएको थियो । सेनाले उक्त क्षेत्रमा आफ्नो उपस्थिति बलियो बनाएको छ । यसैबीच, लेबनानी समूह हिजबुल्लाहले ४५ दिनको अवधिमा इजरायली लक्ष्यहरूमा दुई हजारएक सय भन्दा बढी सैन्य अपरेशनहरू गरेको बताएको छ, जसले युद्धविरामका बाबजुद दुई पक्षबीचको तनाव अझै पूर्ण रूपमा शान्त नभएको संकेत गर्दछ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणापछि बिहीबार र शुक्रबारको मध्यरातबाट १० दिने युद्धविराम लागू भएको छ ।

यो ट्रुसको मुख्य उद्देश्य इजरायल र हिजबुल्लाहबीच एक महिनाभन्दा लामो समयदेखि चर्किएको हिंसा अन्त्य गर्नु हो, जसमा हालसम्म दुई हजार भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् ।

# चैतसम्ममा उठ्यो १८ अर्ब पाँच करोड राजस्व


जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ बैशाख

गत आर्थिक वर्षमा भन्दा चालु आवमा रु एक अर्ब ४७ करोड १८ लाख बढी राजस्व संकलन भएको छ । आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आवको चैत मसान्तसम्ममा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व संकलन बढाएको हो ।

कार्यालयका अनुसार चैतसम्ममा रु १८ अर्ब पाँच करोड ५० लाख राजस्व संकलन भएको छ । गत आवको सोही अवधिमा रु १६ अर्ब ५८ करोड ३२ लाख राजस्व संकलन भएको थियो । वार्षिक लक्ष्यअनुसार भने राजस्व संकलन हुन सकेको छैन । चालु आवको चैतसम्ममा रु २० अर्ब ६१ करोड




२४ लाख लक्ष्य रहेकामा ८७ दशमलव ५९ प्रतिशत प्रगति भएको कार्यालयका प्रमुख पुण्यविक्रम खड्काले जानकारी दिए । उनका अनुसार गत आवको सोही अवधिका लागि आन्तरिक राजस्व कार्यालयले रु १८ अर्ब ३४ करोड ८९ लाख लक्ष्य दिएकामा ९० दशमलव ३८ प्रतिशत प्रगति भएको थियो । राजस्व बढी संकलन भए पनि लक्ष्यअनुसार प्रगति प्रतिशत भने गत आवको तुलनामा चालु आवमा कम रहेको उनले बताए । चालु आवको अन्त्यसम्मका लागि रु ३१ अर्ब पाँच करोड ९५ लाख चार हजार राजस्व संकलन गर्ने लक्ष्य रहेको कार्यालय प्रमुख खड्काले जानकारी दिए । गत आवको अन्त्यसम्मका लागि रु २६ अर्ब ६० करोड ९७ लाख ६० हजार राजस्व संकलन गर्ने लक्ष्य थियो ।



# 'धुरन्धर २' मा दाउद इब्राहिमको चित्रण गलत : राम गोपाल वर्मा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ बैशाख

बलिउडका चर्चित निर्देशक राम गोपाल वर्माले हालै प्रदर्शनमा आएको आदित्य धरको फिल्म 'धुरन्धर २' को प्राविधिक पक्ष र कथावाचनको प्रशंसा गरे पनि एउटा मुख्य पात्रको चित्रणमा भने कडा असहमति जनाएका छन् । अन्डरवर्ल्डका विषयमा गहिरो दख्खल राख्ने निर्देशक वर्माले फिल्ममा देखाइएको दाउद इब्राहिमको चरित्र यथार्थसँग मेल नखाने दाबी गरेका हुन् ।

लेखक हुसैन जैदीको युट्युब च्यानलमा कुराकानी गर्दै वर्माले फिल्मका धेरै पक्षहरूले आफूलाई प्रभावित पारेको बताए । तर, फिल्ममा दाउद इब्राहिमलाई जसरी देखाइएको छ, त्यसमा भने उनी सन्तुष्ट छैनन् । फिल्ममा दाउदलाई 'बड़े साहब' को रूपमा प्रस्तुत गरिएको छ, जसले



पाकिस्तानमा बसेर भारतमा आतंकवादी अपरेसनहरू सञ्चालन गर्ने मास्टरमाइन्डको भूमिका निभाएको देखाइन्छ । निर्देशक वर्माका अनुसार फिल्म मेकरका आफ्नै स्रोतहरू हुन सक्छन्, तर उनको नजरमा यो चित्रण गलत र तर्कहीन छ ।

वर्माले दाउद इब्राहिम विगत लामो समयदेखि यस्ता आपराधिक गतिविधिहरूमा निष्क्रिय रहेको तर्क अघि सारेका छन् । उनले आफ्नो बुझाइ र अनुसन्धानका आधारमा दाउद करिब २० वर्षअघि नै आपराधिक दुनियाँबाट टाढिसकेको दाबी गरे । फिल्ममा देखाइएजस्तो सक्रिय र खतरनाक मास्टरमाइन्डको रूपमा दाउद अहिले नरहेको उनको भनाइ छ । यद्यपि, वर्माले यस विषयमा आफू नै अन्तिम सत्य भएको दाबी भने गरेनन् ।

उनले यो पनि स्वीकार गरे कि दाउदको वर्तमान अवस्थाबारे कसैले पनि पूर्ण सत्यता पुष्टि गर्न सक्दैन ।

# दीपेन्द्रको कप्तानी यात्रा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ बैशाख

नेपाल क्रिकेट संघ (क्यान) ले यूएईविरुद्ध घरेलु मैदानमा हुने ऐतिहासिक 'अन्डर लाइट्स' टी-२० सिरिजका लागि शुक्रबार नेपाली टोली घोषणा गर्दा कप्तानमा दीपेन्द्र सिंह ऐरीको नाम थियो । यसअघि रोहित पौडेलले नेपालको एकदिसवीय र टी-२०आई दुवै फर्म्याटमा कप्तानी गर्दै आएका थिए । गत माघ-फागुनमा भारतमा आईसीसी टी-२० विश्वकप खेल्दा रोहितले नै नेपालको कप्तानी गरेका थिए ।

तर यसपटक भने क्यानले एकदिवसीय र टी-२०आई क्रिकेटका लागि दुई फरक टोली घोषणा गर्दा दुवै टिमको कप्तान पनि फरक तोकेको छ । टी-२०आईका लागि दीपेन्द्र नयाँ कप्तान बनेका छन् । यसअघि उमेर समूहमा कप्तानी गरिसकेका



दीपेन्द्रले घरेलु क्रिकेट र फ्रेन्चाइज क्रिकेटमा पनि कप्तानी गरिसकेका छन् । टी-२०आई क्रिकेटमा दीपेन्द्र नेपालको पाँचौं कप्तान हुनेछन् । यसअघि पारस खड्का, ज्ञानेन्द्र मल्ल, सन्दीप लामिछाने र रोहित पौडेलले नेपाललाई टी-२०आई फर्म्याटमा कप्तानी गरिसकेका छन् । घरेलु मैदानमा हुने आईसीसी क्रिकेट विश्वकप लिग टु को आगामी सिरिजका लागि रोहित पौडेलको कप्तानीमा एकदिवसीय टोली र दीपेन्द्रको कप्तानीमा त्यसअघि हुने टी-२०आई सिरिजका लागि टोली घोषणा भएको छ । क्यानले जारी गरेको विज्ञप्तिमा दुई फरक टिममा फरक कप्तान तोकिएको छ ।

'नेपाल क्रिकेट संघले टी२० र ओडिआई को फरक-फरक कप्तानहरु चयन गरेको जानकारी गराउन चाहन्छौं । नेपाल टी-२० टिमको कप्तानी दीपेन्द्र सिंह ऐरीले गर्नेछन् भने नेपाल ओडिआई टिमको कप्तान रोहित पौडेल रहनेछन् ।'

# २४ घण्टाभित्र इन्धनको मूल्य घटाउन जेनजी अभियन्ताको अल्टिमेटम

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ बैशाख

राष्ट्रिय जेनजी नागरिक अभियानले इन्धनको मूल्य घटनाउन सरकार र नेपाल आयल निगमलाई २४ घण्टे अल्टिमेटम दिएको छ । शनिबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरेर सो संगठनले २४ घण्टाभित्र मूल्य नघटाए आयल निगम घेर्ने चेतावनी दिएको हो ।

'जनतालाई पुरानाहरूको जञ्जालबाट मुक्त गर्छु भन्ने नयाँहरूले जनतालाई महँगीको भारले थिच्ने,' सो अभियानका संयोजक सुनिल सिंहले भने, 'दुई तिहाइको उपहारले यही हो ? यदि सरकारले जनताको आवाज सुनेन भने आयल निगमको अस्तित्व समाप्त गर्न सघर्ष गर्नेछौं ।' सो




अभियानका सह-संयोजक अजय सोडारीले छिमेकी देशमा पेट्रोलियम पदार्थको मूल्य यथावत रहँदा पनि नेपालमा अत्यधिक मूल्य वृद्धि गरिएको भन्दै आपत्ति जनाए । 'भारतमा पेट्रोलको मूल्य ९५ रुपैयाँ छ । नेपालमा २१९ हुनु लाजमर्दो विषय हो', सोडारीले भन ।

सरकारले ५० प्रतिशत कर छुट गरेको भ्रम फैलाएर जनतामाथि झन् महँगी थोपरेको आरोप लगाउँदै उनले भने, 'कर छुटको नाटक गर्ने सरकार र आयल निगमलाई घेराउ गर्न नपरोस् ।' सरकार आफैमाथि महँगी थपिरहँदा व्यापक विरोध गर्नुको सट्टा सबै मौन रहेकोप्रति उनले रोष प्रकट गरे । 'महँगी बढेको बढ्यै छ, मानौं यो सरकार र जनताको लागि मौन अवधि हो, यस्तो हुँदा पनि सबै चुपचाप छन्', उनले भने जेनजी अभियन्ता प्रकाश बमले जेनजी आन्दोलनको बलबाट आएको बालेन्द्र शाह नेतृत्वको सरकार निरंकुश शैलीमा सिंहदरबारमा सर्वसाधारणलाई निषेध गरेर बसेको भन्दै आक्रोश पोखे ।

# सुधार होइन, संरचनात्मक रूपान्तरण



-व्यवस्था परिवर्तनसँगै जनताको अवस्थामा रूपान्तरण भएन । त्यसैको परिणाम विगतमा संघर्ष र क्रान्तिबाटै आएका राजनीतिक पार्टीलाई जनताले सजाय दिए । जनतामा छाएको निराशा, आक्रोश र आवेग सम्बोधन गर्ने राष्ट्रिय दायित्व मूलतः रास्वपा र वालेन्द्र शाह नेतृत्वको सरकारलाई छ। नेपालमा सुधारका आंशिक प्रयासहरू सकारात्मक भए पनि संरचनात्मक रूपान्तरणबिना सुशासन र समावेशी शासन सम्भव छैन । राजनीतिक परिवर्तनपछि पनि प्रशासन र अर्थतन्त्रमा दलाल, बिचौलिया र स्वार्थ समूहको प्रभाव कायमै रहेकाले आमूल रूपान्तरण आवश्यक छ । सरकारको सुधारमुखी नीति सीमित छ, त्यसैले आर्थिक-सामाजिक न्याय र समावेशी विकासका लागि वैकल्पिक, समाजवादी आर्थिक प्रणाली र सार्वजनिक बहस अपरिहार्य देखिन्छ । राज्यसत्ताको फेरबदल निरन्तर चलिरहने प्रक्रिया हो। निरंकुशता हाबी भयो भने जनताले विद्रोह, क्रान्ति वा आन्दोलनबाट सत्तापलट गर्छन् । संसारका साम्राज्यवादी सत्ता हुन् वा निरंकुश, जनताकै संघर्षका बलबाट पतन भएका हुन् । रसियाली समाजवादी क्रान्ति, चीनको जनवादी, क्युवाली क्रान्ति, अरब स्प्रिङ, भारतीय स्वतन्त्रता संग्राम, नेपालको निरंकुशताविरोधी क्रान्ति जनताकै बलबाट भएका क्रान्ति हुन्, जसले साम्राज्यवादी र निरंकुश राज्यसत्ताको अन्त्य गरे । जनताले विश्वास गरेर ती पार्टीलाई सत्ताको मालिक बनाए तर जनविरोधी हर्कत सुरु भएपछि ती पार्टीलाई जनताले नै अस्वीकार गरे । सन् १९४५ देखि १९९४ सम्म सत्ता सम्हालेको इटालीको क्रिस्चियन डेमोक्रेटिक पार्टी सत्ता, बिचौलिया र व्यापारीको स्वार्थमा डुब्दा पार्टी मात्रै सकिएन, राजनीतिक प्रणाली नै फेरियो ।

छिमेकी भारतमा सन् १९४७ देखि सन् १९८९ सम्म शासन सत्ता सञ्चालन गरेको इन्डियन नेसनल कंग्रेसलाई अहंकार, भ्रष्टाचार र परिवारवादी राजनीतिका कारण जनताले लामै समय दण्डित गरे ।

नेपालमा पनि जनताले सशस्त्र क्रान्ति र आन्दोलनमार्फत निरंकुश राजतन्त्र अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित गरे । ती क्रान्ति र आन्दोलनको नेतृत्वकर्ता पार्टीहरूले जनताको आर्थिक, सामाजिक-सांस्कृतिक रूपान्तरण, न्याय र समानताको अपेक्षा सम्बोधन गर्न सकेनन् । जनताको दैनिक जीवनका संकट, दुःख र कष्ट हल गर्नेभन्दा पनि सत्ता स्वार्थको राजनीति हाबी हुन पुग्यो । राजनीतक नेतृत्वमा अनियन्त्रित दम्भ, घमण्ड र अहंकार सवार हुन पुग्यो । भ्रष्टाचार, बिचौलिया, दलाली, नातावाद, कृपावाद, गुटबन्धन र गठबन्धन जनतालई धोका दिने अस्त्र बन्न पुग्यो । जनताको विश्वास अनि अपेक्षामाथि पार्टी र नेतृत्वले गरेको धोकाधडीको जवाफ जनताले निर्वाचनमार्फत दिए । प्रतिनिधिसभामा रास्वपाको जितको आधार अन्य राजनीतिक पार्टीको बेइमानीकै उपज हो भन्न हिचकिचाउनुपर्ने कुनै कारण छैन । निर्वाचनपछि बनेको बालेन नेतृत्वको सरकारले जनताको अपेक्षा सम्बोधनका लागि प्रशासनिक सुधारको प्रयत्न गरेका छन् । सुधारका केही प्रयास सकारात्मक छन्, तथापि संरचनात्मक व्यवस्था नै समस्या भएको देशमा सुधारका आंशिक प्रयत्नले मात्रै अपेक्षित रूपान्तरण हुन सक्दैन । सुशासनको वाचा : कस्तो सुशासन ? बालेन नेतृत्वमा सरकार गठनलगत्तै मन्त्रिपरिषद्को बैठकले सयबुँदे शासकीय सुधारसम्बन्धी कार्ययोजना पारित गऱ्यो । यसैगरी शासकीय सुधारका लागि 'राष्ट्रिय प्रतिबद्धता' जारी गरेको छ । यसले सरकार शासकीय सुधारका लागि अग्रसर हुन खोजेको देखिन्छ । शासकीय संरचनालाई चुस्त बनाउन, विगतमा भएका भ्रष्टाचारको छानबिन गर्न समिति बनाउने, सार्वजनिक सेवा क्षेत्रमा बिचौलिया निरुत्साहित गर्ने र डिजिटल गभर्नेन्सतर्फ अगाडि बढ्ने प्रयत्न गरेको छ, जुन सकारात्मक छ । सरकारको कार्ययोजनामा उल्लेख भएका विषय व्यवहारमा रूपान्तरित भयो भने एक हदसम्म सुधार हुन सक्छ ।

तथापि, संस्थागत र संरचात्मक कुशासन सामान्य सुधारबाट मात्रै समाधान गर्न सम्भव छैन । यसका लागि शासकीय संरचना, नीति र व्यवहारमै आमूल रूपान्तरण गरिनुपर्छ । सुशासन संरचना, व्यवस्था, नीति र व्यवहारको रूपान्तरणसँग सम्बन्धित छ, त्यसैले संरचनागत समस्याको समाधान आंशिक सुधारबाट मात्रै सम्भव छैन । नेपालमा शासकीय समस्याका संरचनागत र व्यावहारिक समस्याको पहिचान अनि ती समस्या हल गर्ने बृहत् कार्ययोजनाबिना सुशासन स्थापित गर्न कठिनाइ छ । तर, सरकारको प्रयत्न आंशिक सुधारमा मात्रै केन्द्रित छ । नेपालको आवश्यकता भ्रष्टाचार, बेथिति, अनियमितताको अन्त्यका लागि शासकीय व्यवस्थाकै आमूल रूपान्तरण हो । निरंकुश राणातन्त्र, राजतन्त्र र पञ्चायती शासकले भ्रष्टाचार, नातावाद, कृपावादलाई सबैभन्दा बढी प्रश्रय दिएको शासकीय व्यवस्था हो । राजा-महाराजा संविधानभन्दा माथि हुने भएपछि उनीहरूले जनतामाथि गरेको लुटको कसैले प्रश्न उठाउन पाएनन् । जनताले तिरेको करको तर् राजपरिवारले मात्रै मारेनन्, तिनका सयौं आफन्त, आसेपासे, धुपौरे र चाकरहरूले पनि मारे । परिवारवाद, नातावाद र चाकरीवादको चरम अभ्यास तिनै शासकले गरे । राजाका चाकर र आफन्तले नै राज्यको जमिन कब्जा गरे, शासन सत्ता हडपे, पद र प्रतिष्ठामा विराजमान भए । राजनीतिक रूपान्तरणपछि पनि तिनै शासक वर्ग र समुदायको कब्जाबाट नेपालको प्रशासन मुक्त हुन सकेको छैन । त्यसैले यसको संरचनात्मक जग भत्काएर नयाँ परिवेशनको नयाँ शासकीय प्रणाली विकास हुनु आवश्यक छ ।

नेपालको शासन प्रणाली लामो समयदेखि दलाल, बिचौलिया, ठेकेदार र स्वार्थ समूहको वरिपरि घुमिरहेको छ । स्वार्थ समूहले लाभका लागि नीति फेरिदिन्छ, प्रशासक लाभको भागेदारी बन्न नीति मिलाउन तल्लीन छ । जनतालाई सहजीकरण गर्ने होइन, कसरी अप्ठ्यारोमा पारेर फाइदा लिन सकिन्छ भन्ने मनोविज्ञान जताततै देख्न सकिन्छ । यसले नेपालको प्रशासकीय मनोवृत्तिकै भ्रष्टीकरण भइसकेको छ । यस्तै संस्कृतिको संरक्षण, प्रवर्द्धन र उपयोगमा अभ्यस्त मनोविज्ञानको रूपान्तरण वा विस्थापनबिना सुशासन कायम गर्न निकै कठिन छ । यस्तो प्रवृत्तिको अन्त्य सुधारबाट होइन, संरचनागत र मनोविज्ञानकै रूपान्तरणबाट मात्रै सम्भव छ । सरकारले भ्रष्टाचारको अन्त्यको प्रयत्न सुरु गरेको छ, जुन सकारात्मक कदम हो । सार्वजनिक ओहदामा रहेका व्यक्तिका सम्पत्ति छानबिन गर्न सरकारले आयोग गठन गरेको छ । यो सकारात्मक कदम हो । तथापि, भ्रष्टाचारको जालो केवल राजनीतिक नेतृत्व, उच्च पदस्थ कर्मचारीमा मात्रै सीमित छैन । भ्रष्टाचारको जालो राज्यका सबै संयन्त्र- निजामती कर्मचारी, प्रहरी प्रशासन, न्यायालय, सुरक्षा निकायदेखि उपभोक्ता समिति र मन्दिर व्यवस्थापन समितिसम्म फैलिएको छ । त्यसैले यस्तो भ्रष्टाचारको अन्त्यका लागि संस्थागत र संरचनागत भ्रष्टाचारको विशेष अभियान सञ्चालन गरिनुपर्छ । सम्पत्ति छानबिन गरेर गलत तरिकाबाट संकलन गरेको अवैध सम्पत्तिलाई राष्ट्रियकरण गर्ने र सानादेखि ठूला सबै भ्रष्टलाई कारबाही गर्ने सामर्थ्य सरकारले राख्नुपर्छ । यस्तो काम अंशमा खोजिने सुधारबाट मात्रै सम्भव छैन । नेपालको शासन प्रणाली लामो समयदेखि दलाल, बिचौलिया, ठेकेदार र स्वार्थ समूहको वरिपरि घुमिरहेको छ । स्वार्थ समूहले लाभका लागि नीति फेरिदिन्छ, प्रशासक लाभको भागेदारी बन्न नीति मिलाउन तल्लीन छ ।कुशासन, भ्रष्टाचार र बेथितिको अर्को मुख्य कारण असमावेशी शासन प्रणाली हो । नीति निर्माणदेखि आर्थिक परिचालनको सम्पूर्ण संयन्त्र, नियमनदेखि कारबाही गर्ने सबै निकायमा एउटै जात, वर्ग, लिंग र समुदायको वर्चस्व रहँदासम्म भ्रष्टाचार र अनियमितताको जालो चुँडिँदैन । शासकीय संरचनामा एकाधिकार कायम गर्ने वर्ग र समुदायको स्वार्थी सञ्जाल भत्काउन शासकीय संरचनालाई पूर्ण रूपमा समावेशी बनाउनु आवश्यक छ ।

नेपालजस्तो देशमा सुशासनको आधारभूत मापदण्ड समावेशी शासन हो । त्यसैले समावेशी शासनबिना नेपालमा सुशासन असम्भव छ । नेपालमा कुशासन र अनियमितता मूलतः संरचनात्मक र व्यवस्थाकै समस्या हो । यो समस्याको आंशिक समाधान सुधारबाट सम्भव होला । तर, संरचनागत रूपान्तणबिना पूर्ण रूपमा सम्बोधन हुन सक्दैन । त्यसैले जिम्मेवार र जवाफदेही शासकीय व्यवस्था संस्थागत गर्न संघीय तहमा मात्रै सुधारको प्रयत्न अपूर्ण हुन्छ । यसका लागि संघीय शासन व्यवस्थालाई बलियो र सशक्त बनाउन जरुरी छ । यसैगरी स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाइनुपर्छ भने उत्पीडित समुदायको हकमा संवैधानिक व्यवस्थाबमोजिम स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको अभ्यास सुरु गरिनुपर्छ । कुशासनको दुष्चक्रबाट सबैभन्दा धेरै उत्पीडित समुदाय परेको हुँदा समावेशी शासन प्रणालीका साथै उत्पीडित समुदायको आर्थिक-सामाजिक विकास र न्यायमा पहुँचलाई सुशासनको आधार बनाइनुपर्छ ।

सुशासन संरचनाको पुनःसंरचना र रूपान्तरणसँग जोडिएको राजनीतिक एजेन्डा भएको हुँदा यसलाई राजनीतिक विचार, दृष्टिकोण र योजनाअनुरूप हल गर्न आवश्यक छ । तर, सरकार अंशमा समाधान खोज्न उद्यत छ, यसले समग्र समस्याको हल गर्न सक्दैन । आर्थिक विकासमा छैनन् गरिब र सीमान्तकृत : सरकारले देशको आर्थिक विकासका क्षेत्रमा महत्त्वाकांक्षी कार्ययोजना ल्याएको देखिन्छ । विशेषगरी प्रतिव्यक्ति आय वृद्धि गर्ने, कुल गार्हस्थ्य उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने र देशलाई धनी बनाउने सवाल सरकारको प्राथमिकतामा देखिन्छ । देशी-विदेशी लगानी भित्र्याउने र आर्थिक गतिविधिलाई बढावा दिने सरकारको दृष्टि देखिन्छ । स्वाभाविक रूपमा आर्थिक विकासले देशको विकास होला, तर देशको विकास हुनेबित्तिकै जनताको जीवनस्तर उठ्ने ग्यारेन्टी हुँदैन । संसारका आर्थिक रूपमा धनी देशमा गरिब र धनीबीचको खाडल निकै ठूलो छ । देशको अर्थतन्त्रमा निश्चित व्यक्ति वा समूहको कब्जा हुने आर्थिक प्रणालीले न्यायिक मानवीय विकासलाई रोक्छ । श्रमजीवी, मजदुर, किसान र गरिब जनताका जीवनस्तर कहिल्यै माथि उठ्न सक्दैन । लामो समय सामन्तवादी आर्थिक व्यवस्थाबाट संकटपूर्ण जीवन बाँच्न विवश गरिब, श्रमजीवी र उत्पीडित समुदाय नवउदारवादी पुँजीवादी अर्थतन्त्रबाट थप संकटतर्फ धकेलिने निश्चित छ ।

शासकीय सुधार र राष्ट्रिय प्रतिबद्धताको सार हेर्ने हो, सरकार पुँजीपति र देशी-लगानीकर्ताको हितलाई केन्द्रमा राखेर नवउदारवादी पुँजीवादी आर्थिक प्रणाली बलियो र व्यवस्थित बनाउने पक्षमा उभिएको देखिन्छ । पुँजीपति शोषण र उत्पीडनलाई बल पुऱ्याउने विश्व नवउदारवादी पुँजीवादी अर्थव्यवस्थाको प्रभाव र यसले सिर्जना गरेको गम्भीर असमानताको समीक्षाको कसीमा नेपाली विशेषताको अर्थव्यवस्थाको अवलम्बन गर्न आवश्यक हुन्छ । यसका लागि केवल सुधारका कार्यक्रम पूर्ण हुनै सक्दैन । नेपालजस्तो विविधतायुक्त समुदाय रहेको समाजको समन्यायिक विकासका लागि आवश्यक वैकल्पिक अर्थ प्रणालीको निर्माण नेपालको आवश्यकता हो ।

शासकीय सुधार र राष्ट्रिय प्रतिबद्धताको सार हेर्ने हो, सरकार पुँजीपति र देशी-लगानीकर्ताको हितलाई केन्द्रमा राखेर नवउदारवादी पुँजीवादी आर्थिक प्रणाली बलियो र व्यवस्थित बनाउने पक्षमा उभिएको देखिन्छ ।

**सांभार : कान्तिपुर ।**


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday